## समाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी

# सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन




<u>पेश गरिएको निकाय</u>

लोहारपट्टी नगरपालिकाको कार्यालय, महोत्तरी

<u>सहजीकरण</u>

सामुदायिक विकास तथा पैरवी मंच नेपाल
बर्दिवास, महोत्तरी

<u>पेश गर्ने</u>


डा. अजय साह
महासचिव
नेपाल प्रेस युनियन मधेस प्रदेश समिति
क्षीरेश्वरनाथ नगरापालिका ५ महेन्द्रनगर, धनुषा
फोन नं : ९८४४०२५१८४, ९८०७६७५१२५

# लोहारपट्टी नगरपालिका, महोत्तरी

# समाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम

## १) कार्यक्रमको परिचय

देश संघीयतामा गइ त्यसको कार्यान्वयनको चरणमा छ । संघ देखि स्थानीय तह सम्म तीन तहका सरकार छन् । सिंहदरवारको एकात्मक र केन्द्रीकृत सरकार अहिले विकेन्द्रीकरण भएर गाउँ-गाउँमा पुगेको छ । आम नागरिकले गाउँमै स्थानीय सरकारबाट प्राप्त गर्ने सेवा सुविधा सहज रुपमा लिन पाएका छन्।

स्थानीय सरकार सार्वजनिक निकाय हो । नागरिकको सेवामा तल्लिन छ । तरपनि सार्वजनिक निकायले दिने सेवाको प्रभावकारिता र मूल्यांकनमा सुधार ल्याउन सार्वजनिक सुनुवाई अपरिहार्य हुने गर्दछ । आम नागरिकलाई सार्वजनिक निकायका गतिविधिको सूचना माग्ने र पाउने अधिकार सूचनाको हक सम्बन्धी ऐन-२०६४ र नियमावली-२०६५ मा उल्लेख छ । सो ऐन र नियमावलीमा रहेर सार्वजनिक निकायलाई आफ्ना गतिविधिको बारेमा सार्वजनिक सुनुवाई गर्न बाध्यकारी व्यवस्था गरेको छ ।

त्यस्तै स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था छ । तसर्थ लोहारपट्टी नगरपालिकाले २०८०-०८१ मा गरेको सामाजिक सुरक्षा भत्ता वितरणको सन्दर्भमा सार्वजनिक सुनुवाईको आयोजना गरेको थियो । सेवाग्राही र सेवाप्रदायक निकायका अधिकारीको प्रत्यक्ष सहभागितामा समाजिक सुरक्षा वितरणमा देखिएका समस्या र गुनासा बारे छलफल, बहस अन्तरक्रिया गरिएको छ । सेवाप्रदायकालाई सेवाग्राहीप्रति जवाफदेहि बनाउने र सेवाग्राहीका गुणासा तथा जिज्ञासाका विषयमा प्रत्यक्ष प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ । मिति २०८१ साउन ३२ गते नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

## २) कार्यक्रमको औचित्य

सार्वजनिक निकायलाई जिम्मेवार र पारदर्शी बनाउने महत्वपूर्ण पाटो नै सार्वजनिक सुनुवाइ हो । तर कतिपय अवस्थामा सार्वजनिक निकायका यस्ता कार्यक्रम बिरलै रुपमा आयोजना हुने गरेका छन् । यस्तो अवस्थामा कुनैपनि सार्वजनिक निकायको सेवाप्रवाह, पार्दशिता र जवाफदेहिता सेवाग्राही सम्म नपुगेको हुन सक्छ । तसर्थ यसको चिरफार गर्न सार्वजनिक सुनुवाइ हरेक सार्वजनिक निकायका लागि आवश्यक छ । यसले नागरिक र सरोकारवाला निकायलाई प्रत्यक्ष रुपमा जोड्दछ । सेवाप्रदायक र सेवाग्राहीमा वृहत छलफल तथा सवालजवाफ हुने वातावरण समेत निर्माण गर्दछ । त्यसैले सार्वजनिक निकायलाई थप जिम्मेवार बनाउन सार्वजनिक सुनुवाईको आफ्नै महत्व छ ।

## ३) कार्यक्रमको उद्देश्य

१) लोहारपट्टी नगरपालिकाको ९ वटै वडा कार्यालयको समाजिक सुरक्षा वितरण सम्बन्धी काम कारबाही, सेवा प्रवाह सम्बन्धमा सेवा प्रदायक र सेवाग्राहीबीच अर्न्तक्रिया गराउने ।

२) सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने ।

३) सेवाग्राहीको गुनासो र जिज्ञासाको प्रश्नोत्तर गराउने ।

४) सुशासन ऐन र नियमावलीमा व्यवस्था भएको सूचनाको हकको प्रत्याभूति गराउने ।

## ४. परामर्श सेवा कार्यको सिमा

- महोत्तरी जिल्लाको लोहारपट्टी नगरपालिकामा वितरण गरिने समाजिक सुरक्षाभत्ता सम्बन्धी प्रकृया तथा सेवाग्राहीको गुनासो, समस्या तथा सुझाव बारे अध्ययन

## ५. विधि तथा प्रक्रिया

- नगर, वडा,गाउँ टोल अवलोकन
- अर्न्तवार्ता
- सामुहिक छलफल
- नगरपालिकाले प्रकाशन गरेका दस्तावेजहरुको अध्ययन

## ६) कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनुवाई सहजिकरण गर्ने व्यक्ति :**

**नाम** : अजयकुमार साह

(नेपाल पत्रकार महासंघ मधेस प्रदेश समिति कार्यकारितणी सदस्य तथा नेपाल प्रेस युनियन मधेस प्रदेशका महासचिव)

**सार्वजनिक सुनुवाईको विषय** : लोहारपट्टी नगरपालिका द्धारा आ.व.२०८०/८१ मा समाजिक सुरक्षा वितरण कार्यक्रम तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता ।

**कार्यक्रम आयोजक** : लोहारपट्टी नगरपालिका, महोत्तरी ।

**आर्थिक तथा प्राविधिक सहयोग** : सेभ द चिल्ड्रेन

**समन्वय तथा सहजिकरण** : सामुदायिक विकास तथा पैरवी मंच नेपाल, बर्दिवास महोत्तरी

**कार्यक्रम विवरण**

मितिः २०८१, साउन ३२ गते

स्थान : लोहारपट्टी नगरपालिका, महोत्तरी

समय : दिउँसो ११ बजेदेखि २ बजेसम्म ।

अवधि : ४ घण्टा

**७) जवाफदेहि वक्ताहरु**

लोहारपट्टी नगरपालिका उपमेयर : सरिता शर्मा

प्रमुख प्रसासकीय अधिकृत : बदरुल अन्सारी

वडानम्बर १ का अध्यक्ष : रामजी यादव

वडानम्बर २ का अध्यक्ष : राम मिलन यादव

वडानम्बर ३ का अध्यक्ष : रामजी यादव

वडानम्बर ४ का अध्यक्ष : श्याम यादव

वडानम्बर ५ का अध्यक्ष : राम दिनेश मण्डल

वडानम्बर ६ का अध्यक्ष :  पंकज साह

वडानम्बर ७ का अध्यक्ष : गणेश ठाकुर,

वडानम्बर ८ का अध्यक्ष : रामबाबु यादव

वडानम्बर ९ का अध्यक्ष :  श्रीनारायण यादव

पञ्जिकरण शाखा प्रमुख : प्रविण शर्मा

राजश्व शाखा प्रमुख : शैलेन्द्र पाण्डे

एनआईसी बैंक प्रतिनिधि : संजय साह

सिटिजन बैंक प्रतिनिधि : सरोज तिवारी

जानकी फाइनेन्स प्रतिनिधि :

८) अतिथि

एमआइएस अपरेटरहरुको मधेस प्रदेश समिति अध्यक्ष : सुनिल सिंह

एमआइएस अपरेटरहरुको धनुषा जिल्ला अध्यक्ष : सुशिल यादव

सामुदायिक विकास तथा पैरवी मंच नेपालका उपाध्यक्ष : सोम बहादुर कार्की

९) सार्वजनिक सुनुवाईको उपस्थिति विवरण (अनुसुचि नं. १)

कुल उपस्थिती : १३३

१०) कार्यक्रम सञ्चालन प्रक्रिया

क) समन्वयात्मक भेटघाट

सामुदायिक विकास तथा पैरवी मंच नेपाल बर्दिवासको पहलमा नगरपालिका जनप्रतिनिधि तथा पञ्जिकरण शाखाका कर्मचारीहरु पटक पटक छलफल गरी समन्वयात्मक बैठकको आयोजना गरी सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति २०८१ साउन ३२गते को लागि तय गरिएको थियो।

ख) सहजकर्ताको छनौट

लोहारपट्टी नगरपालिको आयोजना तथा सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोग र सामुदायिक विकास तथा पैरवी मंच नेपाल बर्दिवासले सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्नको लागि स्थानीय पत्रिकामा आह्वान गरेको सुचना अनुसार सहजकर्ताको लागि अजयकुमार साहलाई सबै विधि प्रकृया मार्फत छनौट गरि कार्यक्रम गर्नको लागि सम्झौता गरिएको हो ।

ग) ऐन नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले नागरिकलाई के कसरी सेवा प्रवाह गरिरहेका छन् ? नागरिकको सेवा गुणस्तरमा सरकारबाट के कस्ता काम गरिएको छ ? सेवा प्रवाहका लागि ऐन नियम, विधि प्रक्रिया र कार्यविधिको पालना भएको छ छैन । सरकारको तर्फबाट नागरिकलाई कस्तो सेवा सुविधा तथा वस्तु उपलब्ध गराईएको छ । यस अन्तरगत रहेर विभिन्न ऐन, सुशासन नियमावली, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि २०६७, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमवली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिको विस्तृत अध्ययन गरिएको थियो ।

### घ) बहिर्गमन अभिमत सञ्चालन

सार्वजनिक सुनुवाई सञ्चालनको सिलसिलामा नागरिकबाट अभिमत लिन बहिर्गमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था भए अनुसार यस पालिका भित्रका विभिन्न वडाका करिब ५० जना नागरीकहरु संग अभिमत संकलन गरिएको थियो ।अनसुचि नं. १

### ङ) KII ( मुख्य जानकारी साक्षात्कार)

समाजिक सुरक्षा भत्ता सम्बन्धी यस पालिकाबाट प्राप्त विवरण हेर्दा जम्मा समाजिक सुरक्षा प्राप्त गरी रहेका व्यक्तिहरुको संख्या ७ हजार ४ सय ५३ रहेको छ । जसमध्ये अन्य जेष्ठनागरी २२८८, दलित जेष्ठ नागरीक २२१, जेष्ठ नागरीक एकल महिला २३८, विधुवा ४८३, पूर्ण अपांग ५८, अन्य अपांग १५७, बालबालिकाको पोषण भत्ता अन्य तर्फ ३२४४ र दलित बालबालिकाको संख्या ४६७ रहेको छ।

### च) सार्वजनिक सुनुवाईको प्रचारप्रसार

लोहारपट्टी नगरपालिकाले समाजिक सुरक्षा वितरण सम्बन्धी काम कारबाही, सेवा प्रवाह, प्रभावकारिता विषयक सार्वजनिक सुनुवाईमा नागरिकको सहभागिता र उपस्थितिमा सूचनाको महत्वपूर्ण भूमिका हुने भएकाले सबै वडा कार्यालय तथा सार्वजनिक स्थलहरुमा सूचना जारी गरिएको थियो । सार्वजनिक सुनुवाइ संचालन हुने मिति, स्थान र समयलाई समेटेर एक हप्ता अघि नै  ठाउँ ठाउँ सुचना टास गर्नुको लागि माइकिंग गराइएको थियो।

### ११. कार्यान्वयन चरण

लोहारपट्टी नगरपालिको आयोजना तथा सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोग र सामुदायिक विकास तथा पैरवी मंच नेपाल बर्दिवासले सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम रहेको स्थान वडा नम्बर ६ का वडा अध्यक्ष पंकज साहको अध्यक्षता र उपमेयर सरीता शर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सबै वडाका वडा अध्यक्षहरु , विभिन्न शाखाका प्रमुख, पञ्जिकरण शाखाका कर्मचारीहरु लगायत सबैलाई आसन ग्रहण गराइएको थियो । आसन ग्रहण पश्चात प्रमुख प्रशासकीय अधिकृत बदरुल अंसारीले सहभागीहरुलाई स्वागतमन्तव्य राख्दै स्वागत गरेका थिए ।

सामुदायिक विकास तथा पैरवी मंच नेपालका कर्मचारी शुभनारायण चौधरीले कार्यक्रमको उद्देश्य बारे जानकारी गराएका थिए। भने मिल शेयरींग र बाल सुरक्षण रणनीति बारे सामुदायिक विकास तथा पैरवी मंच नेपालका कर्मचारी शिवप्रसाद शर्माले गराएका थिए।

त्यसपछि कार्यक्रमको सन्दर्भमा सहजकर्ता अजयकुमार साहबाट आचारसंहिताका विषयमा जानकारी गराउँदै सेवाग्राही तथा नागरिकलाई प्रश्न, जिज्ञासा र सल्लाह सुझाव राख्न

आग्रह गरिएको थियो । सेवाग्राहीबाट आएका प्रश्नमा सम्बन्धित वडाका अध्यक्ष, उपमेयर, प्रमुख प्रसासकीय अधिकृत, पञ्जिकरण शाखाका कर्मचारी र सम्बन्धित वडाका सचिवले प्रश्नको जवाफ र गुनासोको सुनुवाई गर्नुभएको थियो । त्यसपश्चात कार्यक्रममा सहभागी अन्य अतिथि र प्रमुख अतिथिलाई मन्तव्य राख्न दिईएको थियो ।

अन्तमा सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई महत्वपूर्ण प्रश्न र जिज्ञासा राखनुभएकोमा सबै सेवाग्राहीलाई प्रत्येक वडाका वडाध्यक्षले धन्यवाद दिंदै प्रश्नकर्ताले उठाएका प्रश्नमा जवाफदेही बन्दै आगामी दिनमा थप प्राप्त सल्लाह सुझाव सहित अझ प्रभावकारी ढंगले सेवाग्राहीलाई सेवा सशक्त ढंग प्रवाह गर्ने प्रतिवद्धता सहित कार्यक्रम समापन गरिएको थियो । अनसूनि नं. ३

## १२) कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाईमा आएका मुख्य प्रश्न तथा उत्तरहरु निम्नानुसार रहेका छन् :

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्न/गुनासा/सुझाव | जवाफदेहि वक्ताको नाम र पद | जवाफ |
|---|---|---|---|---|
| १. | पिरथिक खत्वे लोहारपट्टी ७ | वडामा जेष्ठ नागरिक तथा अपाङ्गताको क्षेत्रमा आएको बजेट किन कम भएको ? | वडा अध्यक्ष | जेष्ठ नागरिक र अपाङ्गताको भत्ता वितरण गर्ने प्रक्रिया वडामा पहिले देखि आएकाले आफुले त्यसैलाई निरन्तरता दिएको । |
| २ | जरिना खातुन लोहारपट्टी ५ | पहिले अपांगको भत्ता पाइरहेको थियो तर अब दिइरहेको छैन ।अपांग कार्ड बनाउन धेरै पटक वडा र पालिका धाएपनि बनेन किन ? | प्रविण शर्मा पञ्जिकरण शाखा | आइतवार कार्यालय आएर सबै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त |
| ३ | लिला कुमारी | बाल पोषणको भत्ताको लागि यस माघमा आवेदन दिदा अर्को माघमा मात्र पैसा आउदो रछ किन ? | प्रविण शर्मा पञ्जिकरण शाखा | त्यस्तो हुँदै चौमासिक निकासा नै हुन्छ, यदि यस्तो केहि भएको छ भने कार्ड लिएर कार्यालय आउनु चेक गरि दिने प्रतिबद्धता |
| ४ | सुमित्रा शर्मा लोहारपट्टी ३ | नविकरण भएको छैन किन खातामा पैसा आएन ? | कामेश्वर चौधरी वडा सचिव | नविकरण अहिले भइरहेको छ। वडा कार्यालयमा आएर नविकरण गर्नु होला, खातामा पैसा के भएर आएर कार्यालयमा कार्ड लिएर आउदा चेक गरिदिने प्रतिबद्धता |
| ५ | रित कुमारी राम लोहारपट्टी ६ | बच्चाको जन्मदर्ता बनाउन २०० रुपैयाँ किन लियो ? | पंकज साह वडा अध्यक्ष | ३५ दिन भित्र दर्ता गर्न आए पैसा लाग्दैन, समयभित्र आएर यदि पैसा लिएको छ भने रसिद लिएर आउनुस बुझेर गलत ढंगले पैसा लिएको रछ भने फिर्ता गराउने प्रतिबद्धता |

## १३) कार्यक्रमको सबल पक्षहरु

➢ नगरपालिकाका उपमेयर, प्रमुख प्रसासकीय अधिकृत र सम्बन्धित वडा अध्यक्षको सहभागितामा वडा स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको ।

➢ सेवाग्राहीबाट सोधिएका प्रश्नको जवाफ सेवाप्रदायक अधिकारीबाट चित्त बझ्दो तरिकाले दिईएको ।

➢ नगरपालिका बाहिरको अर्थात तेस्रो स्वतन्त्र व्यक्तिबाट सार्वजनिक सुनुवाई सहजीकरण गरिएको

➢ सेवाग्राही र जनप्रतिनिधि बिच प्रत्यक्ष प्रश्नोत्तर गरिएको ।

➢ सार्वजनिक सुनुवाई हुने सम्बन्धी सूचना एक हप्ता अघि बाट प्रकाशन प्रसारण गरिएको ।

## १४) सुधार गर्नुपर्ने पक्षहरु

➢ सार्वजनिक सुनुवाई सम्बन्धी जानकारी र प्रचारप्रसारलाई अझै व्यापक गर्नुपर्ने देखियो ।

➢ प्रचलित नियम र कानुन अनुसार एक आर्थिक वर्षमा तीन पटक सम्म सार्वजनिक सुनुवाई गुर्नपर्ने ।

➢ पूर्व निर्धारित मिति र समय अनुसार कार्यक्रम संचालन गर्नुपर्ने ।

➢ सार्वजनिक सुनुवाई कार्यक्रममा जनसहभागितालाई अझ बढाउनुपर्ने ।

➢ सार्वजनिक सुनुवाइ कार्यक्रम वडा र बस्ती स्तरमा आयोजन गर्ने र अन्तमा पालिका स्तरको बनाउने ।

➢ कार्यक्रममा सबै जनप्रतिनिधि तथा सेवाप्रदायक अधिकारीको सहभागिता गराउनुपर्ने ।

## १५) समस्याहरु

➢ अत्यधिक गर्मी मौसममा भन्दा जाडो मौसममा खुल्ला चौरमा यस्ता कार्यक्रम गर्नुपर्ने।

➢ वडा स्तरको सार्वजनिक सुनुवाईमा केही वडा सदस्यको सहभागिता नहुनु ।

➢ तोकिएको समयमा कार्यक्रम सुरु हुन नसक्नु ।

➢ टाढा टाढाका वडाहरु भएको कारण सेवाग्राहीको सहभागिता जुटाउन नसकिएको ।

## १६) निष्कर्ष

लोहारपट्टी नगरपालिकाद्धारा वितरण गरिने समाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी ढंगले सम्पन्न भएको छ । सेवाग्राही र सेवाप्रदायकबिच सवाल जवाफ गराउने उदेश्यले सञ्चालन गरिएको कार्यक्रम सार्थक रुपमा परिणत भएको छ ।

कार्यक्रममा ९ वटा वडाका सेवाग्राहीले प्रश्न सोध्ने र सेवाप्रदायक निकायका अधिकारीले प्रश्नकर्ताको जवाफ र गुनासाको सुनुवाईले सार्वजनिक सुनुवाईको गरिमा र महत्व झन् सशक्त बनेर गएको छ । त्यस्तै वडा र पालिकाको सेवाप्रवाह छिटो छरितो हुनुपर्ने र जनताबाट निर्वाचित जनप्रतिनिधिलाई संधै

जनताको जनमूखी सेवामा लाग्न पनि अनुरोध गरेका छन् । सेवाग्राहीले सरकारी तहबाट भएको लगानीको प्रतिफल आउने गरि जनप्रतिनिधिलाई अझै सशक्त भएर काम गर्न सुझाव दिएका छन् । यसबाट जनप्रतिनिधिलाई जनताको सेवामा जिम्मेवार र उत्तरदायी बन्ने अवसर प्राप्त भएको छ ।

अन्त्यमा सार्वजनिक सुनुवाई कार्यक्रममा उपमेयर, प्रमुख प्रसासकीय अधिकृत, ९ वटै वडा अध्यक्ष, वडा सचिव, सम्बन्धित शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिले पनि सार्वजनिक सुनुवाई फलदायी भएको छ । तसर्थ कुनैपनि सार्वजनिक निकाय र स्थानीय तहले हरेक चौमासिकमा आफूले गरेका गतिविधिलाई आम नागरिक समक्ष पेश गर्न सके सार्वजनिक सुनुवाईको महत्व थप बढेर जाने देखिन्छ ।

## कार्यक्रमका झलकहरु :




सार्वजनिक सुनुवाई कार्यक्रममा पञ्जिकरण शाखाका प्रमुख प्रविण शर्माले सहभागीको प्रश्नको जवाफ दिंदै



सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थि सहभागी तथा जवाफदेहिकर्ता जनप्रतिनिधि र कर्मचारीहरु




सार्वजनिक सुनुवाई कार्यक्रममा सहजीकरण गर्दै सहजकर्ता अजय साह



सार्वजनिक सुनुवाई कार्यक्रममा सहजीकरण गर्दै सहजकर्ता अजय साह



सार्वजनिक सुनुवाई कार्यक्रममा वडा नं ६ का वडा अध्यक्ष पंकज साहले सहभागीको प्रश्नको जवाफ दिंदै




सार्वजनिक सुनुवाई कार्यक्रममा उप मेयर सरिता शर्माले सहभागीको प्रश्नको जवाफ दिंदै




सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहि वक्ताहरु उप मेयर सरिता शर्मा लगायत वडा अध्यक्षहरु तथा कर्मचारी



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व वस्तुस्थिती बारे जानकारी संकलनको कर्ममा




सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व बहिरगमन अर्थात नागरीक अभिमत संकलन गर्दै गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व बहिरगमन अर्थात नागरीक अभिमत संकलन गर्दै गर्दा




सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व बहिरगमन अर्थात नागरीक अभिमत संकलन गर्दै गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व मेयर शैलेन्द्र यादव संग संमन्वय बैठक गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व उपमेयर शरिता शर्मा लगायत कर्मचारीहरु संग संमन्वय बैठक गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व उपमेयर शरिता शर्मा लगायत कर्मचारीहरु संग संमन्वय बैठक गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रम पूर्व उपमेयर शरिता शर्मा लगायत कर्मचारीहरु संग संमन्वय बैठक गर्दा



सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित नगरपालिकाका स्थानीय सेवाग्राहीहरु

अनसुचि नं. १

PAGE NO.
DATE / /

आज मिति २०८१।०४।३२ गते तदनुसार सन् २०२४।०८।१६ तारिखका दिन सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोग र लोहारपट्टी नगरपालिकाको समन्वयमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल द्वारा संचालित "पहुँच" परियोजना अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रममा लोहारपट्टी नगरपालिकाको वडा नं. ६का वडा अध्यक्ष पंकज साहको अध्यक्षतामा कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति

| क्र.स. | नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | श्री पंकज साह | लोहारपट्टी - ६ | अध्यक्ष | |
| ३. | सरिता शर्मा | लोहारपट्टी नं.पा. | उपमेयर | |
| ४. | श्याम प्रसाद यादव | लोहारपट्टी -४ | अध्यक्ष | |
| ५. | श्रीनारायण यादव | लोहारपट्टी | अध्यक्ष | |
| ६. | बद्रुरुल अनसारी | लोहारपट्टी - | प्र.प्र. अधिकृत | |
| ७. | शैलेन्द्र पाण्डे | लोहारपट्टी | राजस्व शाखा प्रमुख | |
| ८. | प्रविन शर्मा | लोहारपट्टी नं.पा. | पञ्जीकरण अधिकृत | |
| ९. | सुनिल कुमार यादव | " " | MIS operator | |
| १०. | सोम बहादुर कार्की | CDAFAN | उपाध्यक्ष | |
| ११. | सुशील कुमार यादव | श्रीनिवासनगर नं.पा. धनुषा | पञ्जीकरण शाखा प्रमुख | |
| १२. | साबिरा खातुन | लोहारपट्टी -५ | विधवा | |
| १३. | जकिला खातुन | " -५ | " | |
| १४. | फिकनी कवारनी | " - ६ | " | |
| १५. | साहिदा खातुन | " - ६ | " | |
| १६. | नजुबुनी खातुन | " - ६ | " | |
| १७. | बनौला खातुन | " - ६ | " | |
| १८. | सुमित्रा शर्मा | " -३ | " | |
| १९. | जनकी खातुन | " -५ | अपाङ्ग | |

PAGE NO.
DATE / /

२०. जरिमा खातुन लोहारपट्टी-५ अपाङ्गता

२१ सावित्री देवी महरा लोहारपट्टी-६ विधुवा

२२. कुमिया देवी मण्डल ,, -६ बालपोषण

२३. सोनिया खातुन ,, -६ वृद्धनागरिक

२४. मोलाका खातुन ,, -६ विधुवा

२५ सिकिन्द्र राम ,, -६ वृद्ध नागरिक

२६. सोंगारव चमार ,, ६ वृद्धनागरिक

२७. राम अशोक यादव ,, ६ ,, ,, राष्ट्रीय खेल

२८. प्रभाकर यादव लोहारपट्टी नं.५ पञ्जीकरण शुल्क [signature]

२९. सकिला कवारी लोहारपट्टी-६ वृद्धनागरिक

३०. पार्वती देवी सहनी लोहारपट्टी-६ ,, ,,

३१. अहली देवी खत्वे लोहारपट्टी-६ वृद्धनागरिक

३२. सोशिला मण्डल ,, ,, विधवा

३३. मदिना खातुन ,, ,, विधवा

३४ सुकुमारिया देवी सहनी ,, ,, वृद्धनागरिक

३५ कलशिया देवी राम ,, ,, बालपोषण काल। मज।

छिंकी

३७. शारदा कुमारी राम लोहारपट्टी-६ बालपोषण शारदा

३८. जसिमा देवी राम ,, ,, जेष्ठनागरिक

३९. रिना कुमारी राम ,, ,, बालपोषण

४०. भगरीरथा देवी राम ,, ,,-३ ,,

४१. जानकी देवी राम ,, ,,-३ विधवा

४२. प्रमिला राम ,, ,, ,,

४३. पानो देवी राम ,, ,, जेष्ठनागरिक

४४. मनोज शर्मा जानकी बैंक भ्रमरपुरा शाखा

४५. सरोज तिवारी सिटिजन्स बैंक लोहारपट्टी

४६. संजय कुमार साह - NIC Asia Bank -

४७ प्राथमिक स्वास्थ्य केन्द्र सदस्य

४८ कामेश्वर चौधरी लो.न.पा. ३ वडासचिव

४९. शिव सती राम लोहारपट्टी-६

५०. फुलर देवी राम ,, ,, विधवा

५१. लक्ष्मिनिया शर्मा ,, ,, ,,

५२. विनोद साह ,, ,,-४ जेष्ठनागरिक विनोद

५३. कल्याण महतो बर्दिबास ड्राईभर कल्याण

५४. निर्मला राम लोहारपट्टी-६ बालपोषण निरमला

५५. ...कला देवी राम ,, ,, ,,

PAGE NO.

DATE / /

५६. प्रकाश राम लोहारपट्टी-६ जेष्ठनागरिक

५७. अनमुल खातुन ,, ,, विधवा

५८. सुकमाया राम ,, ,, ,,

५९. रत्नेश्वर साह ,, ,, जेष्ठनागरिक

६०. बद्री महरा ,, ,, ,, बिअ

६१. राजिन्द्र सदा ,, ,, ,,

६२. सितारामबरई ,, ,, ,,

६३. नागेन्द्र पासवान ,, ,,-५ ,, नागेन्द्र पासवान

६४. रविन्द्र राय ,, ,, ,,

६५. श्रीनारायण भोगी ,, ,, ,,

६६. विश्वनाथचौधरी ,, ,, ,, विश्वनाथ चौधरी

६७. मनिश्वराइन ,, ,, ,,

६८. सोभित बरई ,, ,, ,,

६९ खटरु मण्डल ,, ,, ,,

७०. रामचन्द्र मण्डल ,, ,, ,,

७१ गोपु बरई ,, ,, ,,

६२. ओम प्रकाश सहनी लोनापा मेछ नागरीक [illegible]

६३. विष्णु चमार ,, ,,

६४. जगन मण्डल ,, ,,

६५. शोभित बैठा ,, ,,

६६. जगदीश साह ,, ,, जगदीश।

६७. विश्वनाथ सहनी ,, ,,

६८. सोनिया खातुन ,, ,,

६९. खताउलिया बवारि ,, ,,

७०. मोहित बैठा ,, ,, मोहित बैठा

७१. श्याम कर्ण साह ,, ,, श्यामकरण

७२. शालिन नदाफ ,, ,, ,,

७३. राम प्रकाश राम ,, ,, ,, रामप्रकाश

७४. नसरुल शेख ,, ,, ,, [illegible]

७५. चन्देश्वर पासवान ,, ,, ,,

७६. सुनैना सहनी ,, ,, ,,

७७. रामकेवल देवी राम ,, ,, बालगोविन

७८. राबिता खातुन ,, ,, ,,

PAGE NO.

DATE / /

| | | | |
|---|---|---|---|
| ८९. इजाबुल नदाफ | लोक.पा.२,, | ,, | इजाबुल नदाफ |
| ९०. संजित पासवान | ,, | ,, ऐकडागानीडि | [illegible] |
| ९१. देवनारायण राम | ,, | ,, | ,, |
| ९२ विजय कुमार मंडल | ,, | ,, | ,, विजय |
| ९३ दुखहरण सहनी | ,, | ,, | ,, |
| ९४ रवि मंडल | ,, | ,, | ,, रवि |
| ९५ रुक्मिणी मंडल | ,, | ,,-१ | ,, |
| ९६. राम सकपाल मंडल | ,, | ,, | ,, |
| ९७ देवराज मंडल | ,, | ,, | ,, |
| ९८ आजम राईन | ,, | ,, | ,, |
| ९९. फुल कुमारी राय | ,, | ,, | विधवा |
| १००. सोनिया देवी राय | ,, | ,, | ,, |
| १०१ दुलारी देवी राय | ,,, | ,, वालपोषण | दुलारी |
| १०२. सुनिल कुमार सिंह | निदेशक लो.पा.धनुषा | एम.आई.एस. अपरेटर | [illegible] |
| १०३ मिथिला दास | लो नपा, ३ वालिका | | मिथिला |
| १०४ दिपक दास | लो नपा, ३ बालेगार | | दिपक |
| १०५. फौजदार साह | लो नपा, ३ | ,, | |

PAGE NO.......

DATE / /

ललन

✓१०६ ~~लालन~~ शर्मा जो.नं.ध. कवि, ललन

१०७. मिन प्रधान CDAFN

१०८. आनन्द शाह - धनगढी (नं. कु. संघ)

✓१०९. सम्राट राज खनाल अलेखबार पत्रकार

११०. बिक्कु महतो लोहरपट्टी - ५

१११. बिल्टु महतो ५

११२: हरिनारायण यादव ५

११३. बद्रि यादव ५

११४ चन्द्रिका यादव ५

११५. हरि कुमार दास ५

११६. बिनोद यादव ५

११७. लाल बहादुर साह ५

११८. बिकाउ यादव ५

११९. पप्पु कुमार मण्डल ५

१२०. राहुल मण्डल ५

१२१. किरण दास ५

१२२. चन्द्रेश्वर बैठा ५

| | | | |
|---|---|---|---|
| १२३. | हरि नारायण दास | लोहरपट्टी -५ | |
| १२४. | नरेश यादव | ५ | |
| १२५. | राम ललित चौधरी | ५ | |
| १२६. | ~~मिथिला दास~~ बृजेश तिवारी | प्रशासन शाखा | |
| १२७. | नवल लाल शेख | ५ | |
| १२८. | प्रदिप दास | ५ | |
| १२९. | उमेश यादव | ५ | |
| १३०. | सोनु कुमार साह | CDPFM | Meal करमी |
| १३१. | शुक नारायण चौधरी | CDAFM | Do. |
| १३२. | स्मिता मल्ले | CDAFM | Do. |
| १३३. | शिव प्रसाद शर्मा | CDAPM | Do |

# अनसुचि नं २

## नागरीक अभिमत

नागरीक पत्र अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रस्तुत गरीएको अभिमतमा राम्रो अवस्था गर्नको लागि नगर पालिकाले कम आएको उत्तरमा अलि बढी काम गर्न जरुरी देखिन्छ।

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सेवाको सन्तुष्टि | तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २४ | २२ | ४ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | २६ | २४ | ० |
| २ | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | १५ | ३४ | १ |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | २१ | २७ | २ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | ३२ | १८ | |

<table>
<tr><th>सि.नं.</th><th>सेवाको नाम</th><th>सोधिएको प्रश्न</th><th colspan="3">सेवाको मूल्याङ्कन सङ्ख्यामा</th></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2">यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?</td><td>१ दिन</td><td>२ दिन</td><td>धेरै दिन</td></tr>
<tr><td>९</td><td>१९</td><td>२२</td></tr>
<tr><td rowspan="8">३</td><td rowspan="8">सेवाप्रतिको जनविश्वास</td><td rowspan="2">यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?</td><td>विश्वस्त</td><td>ठीकै</td><td>अविश्वस्त</td></tr>
<tr><td>२०</td><td>२५</td><td>५</td></tr>
<tr><td rowspan="2">यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?</td><td>धेरै</td><td>ठीकै</td><td>गरेको छैन, विश्वास छैन</td></tr>
<tr><td>८</td><td>२७</td><td>१५</td></tr>
<tr><td rowspan="2">यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?</td><td>धेरै</td><td>ठीकै</td><td>विश्वास छैन</td></tr>
<tr><td>३४</td><td>१०</td><td>६</td></tr>
<tr><td rowspan="2">यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?</td><td>छ</td><td>छैन</td><td>अलिअलि छ</td></tr>
<tr><td>५</td><td>४२</td><td>३</td></tr>
<tr><td rowspan="6">४</td><td rowspan="6">सेवाको गुणस्तर</td><td rowspan="2">यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?</td><td>सन्तुष्ट</td><td>कम सन्तुष्ट</td><td>असन्तुष्ट</td></tr>
<tr><td>३७</td><td>१०</td><td>३</td></tr>
<tr><td rowspan="2">तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?</td><td>आफै</td><td>गाउँका ठूलाबडाको</td><td>मध्यस्थकर्ताको</td></tr>
<tr><td>३५</td><td>५</td><td>१०</td></tr>
<tr><td rowspan="2">यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो</td><td>१ पटक</td><td>२ पटक</td><td>सो भन्दा बढी</td></tr>
<tr><td>१०</td><td>२२</td><td>१८</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>सेवाको नाम</th><th>सोधिएको प्रश्न</th><th colspan="3">सेवाको मूल्याङ्कन सख्यामा</th></tr>
<tr><td rowspan="15">५</td><td rowspan="15">सेवा सम्बन्धी जानकारी</td><td rowspan="2">कार्यालयको भौतिक अवस्था कस्तो छ ?</td><td>अति राम्रो</td><td>ठीकै</td><td>नराम्रो</td></tr>
<tr><td>१८</td><td>३०</td><td>२</td></tr>
<tr><td rowspan="2">कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ?</td><td>छ</td><td>आंशिक छ</td><td>कुनै जानकारी छैन</td></tr>
<tr><td>३</td><td>११</td><td>३७</td></tr>
<tr><td rowspan="2">कार्यालय र सेवाग्राही बीचको सम्वन्ध कस्तो छ ?</td><td>अति राम्रो</td><td>ठीकै</td><td>खासै राम्रो छैन</td></tr>
<tr><td>०</td><td>४५</td><td>५</td></tr>
<tr><td rowspan="2">जिविस, नपा मा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?</td><td>२० प्रतिशत जति</td><td>५० प्रतिशत भन्दा कम</td><td>थाहा छैन</td></tr>
<tr><td>१०</td><td>१०</td><td>३०</td></tr>
<tr><td rowspan="2">जिल्ला, नगर परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ?</td><td>छ</td><td>ठीकै छ</td><td>प्रतिनिधित्व साह्रै कम छ</td></tr>
<tr><td>४</td><td>३७</td><td>१०</td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">नागरीक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी</td><td rowspan="2">तपाईको बिचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?</td><td>धेरै</td><td>कम</td><td>गरेका छैनन</td></tr>
<tr><td>०</td><td>३५</td><td>१५</td></tr>
</table>

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| | सम्वन्धमा | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | ० | ३५ | १५ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | | ३२ | १८ |

प्रश्नावली भाग २

**१.सिफारिस सम्वन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ ( ३९ ) ठीकै पाएँ ( ८ ) स्पष्ट पाइँन (३)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो?

दिएँ ( ३ ) थोरै दिएँ ( १० ) मागिएन र दिइएन पनि ( ३७ )

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं ( ३४ ) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ( ११) नेता /ठूलाबडा ( ५ )

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

सबैसँग कर उठाउँछन् ( ४५ )सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( ३ ) धेरै बक्यौता रहने गरेको छ ( २ )

अनसुचि नं ३

# सार्वजनिक सुनुवाईको प्रतिबद्धता

लोहारपट्टी नगरपालिकाबाट चालु आ.व २०८० /०८१ मा प्रबाह गरिएको सामाजिक सुरक्षा भत्त वित्तरण सम्बन्धी सार्वजनिक सुनुवाइ।

## साझा सार्वजनिक प्रतिबद्धताको घोषणा-पत्र

३२ साउन २०८१, लोहारपट्टी नगरपालिका महोत्तरी

स्थानीय तह लगायत सार्वजनिक संस्थाहरुले प्रवाहगर्ने बस्तु, सेवा र सुविधाको प्रभावकारीताका विषयमा सरोकारवालाहरुलाई जानकारी दिने, खुला मञ्चमा साझा सवालहरुमा बहस, पैरबी गर्ने पद्धतीको विकास गर्ने, लक्षित वर्ग र सेवाग्राहीप्रति जबाफदेही र पारदर्शी भएको बोध गराउने तथा सार्वजनिक सेवा प्रबाहलाई चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने मुख्य उद्देश्यका साथ आज मिति २०८१ साल साउन ३२ गतेका लोहारपट्टी नगरपालिकाको आयोजनामा सार्वजनिक सुनुवाई सम्पन्न भएकोछ। ११८ जना भन्दावढी सरोकारवाला र सहभागीहरुबीच बृहत् रुपमा हाक्काहाक्की प्रश्नोत्तर/छलफल गरी तपसिल बमोजिमका साझा प्रतिबद्धताहरुको घोषणा गरेका गरेका छौं । यी साझा प्रतिवद्धताहरुको कार्यान्वयन गर्नुलाई हामीले आफ्नो पूर्ण जबाफदेहीता समेत महशुस गरेकाछौं।

### प्रतिबद्धताहरु

| प्रतिबद्धता नं | प्रतिबद्धताहरु |
|---|---|
| १. | सामाजिक सुरक्षा भत्ता पाउनेहरुलाई पहिले बैंकमा आई खाता खोल्नुपर्ने भएको पर्ने आउँछ/ |
| २. | सामाजिक सुरक्षा भत्ता लिन आउने बेलामा सबै कागज तथा प्रमाणपत्र लिएर आउने, छाप दिने र छिटो काम गर्ने (नम्बर दिनुहोस्) |
| ३. | सहभागीहरुले उठाएको सवाल र सुझावहरु नगरपालिकाको वार्षिक कार्ययोजनामा समावेश गरेर सेवा र सुविधामा सुधार ल्याउने |
| ४. | अशक्त अपाङ्ग र ८० वर्ष माथिकालाई घर घरमा गई भत्ता दिने बैंकले प्रतिबद्धता गरे। |
| ५. | क, ख वर्ग अपाङ्ग र ८० वर्ष भन्दा माथिका नागरिकलाई घर घर गई भुक्तानी गरिदिने |

हस्ताक्षर गर्नेहरु :

मिडिया कोभरेज

https://shirishnews.com/2024/08/16/63738/

शिरीष न्युज
the daily diary of the nepalese dream
खबर दैनिक ई-पेपर

# लोहारपट्टी नगरपालिकामा सार्वजनिक सुनुवाइ सम्पन्न

0

न्युज डेस्क  २०८१ साउन ३२, शुक्रबार




महोत्तरी - लोहारपट्टी नगरपालिका नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ।

नगरपालिकाको आयोजना र सेभ द चिल्ड्रेन को आर्थिक तथा प्राविधिक सहयोग तथा सामुदायिक विकास तथा पैरवी मंच नेपाल बर्दिवासको सहजीकरणमा नगरपालिकाले प्रदान गर्ने समाजिक सुरक्षा वितरण कार्यक्रमको प्रभावकारिता सम्बन्धी सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो।





https://shirishnews.com/2024/08/17/63797/

# खबर दर्पण राष्ट्रिय दैनिक १ गते भदौ २०८१



## लोहारपट्टी नगरपालिकामा सार्वजनिक सुनुवाइ सम्पन्न

**खबर दर्पण समाचारदाता**
**साउन ३२ गते, महोत्तरी**

लोहारपट्टी नगरपालिका नगर पालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ।

नगरपालिकाको आयोजना र सेभ द चिल्ड्रेन को आर्थिक तथा प्राविधिक सहयोग तथा सामुदायिक विकास तथा पैर वी मंच नेपाल वर्दिवासको सहजीकरणमा नगरपालिकाले प्रदान गर्ने समाजिक सुरक्षा वितरण कार्यक्रमको प्रभावकारिता सम्बन्धी सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो ।

सार्वजनिक सुनुवाइ शुक्रवार लोहारपट्टी नगरपालिका वडा नम्वर ६, मा आयोजना गरिएको थियो।

प्रमुख प्रशासकिय अधिकृत वदरुदिन अंसारीको स्वागत मन्तव्य बाट सुरु भएको कार्यक्रममा सार्वजनिक सुनुवाइमा सहभागी जनसमुदायले समाजिक सुरक्षा भत्ता वितरण समयमा उपलब्ध गराउनु पर्ने, अशसक्त अपांग र जेष्ठ नागरीकलाई घर घर पुगेर भत्ता वितरण गर्नु पर्ने जस्ता माग राखेका थिए ।

कार्यक्रमको सहजिकरण तथा प्रतिवेदन प्रस्तुतिकरण नेपाल प्रेस युनियन मधेस प्रदेशका महासचिव अजय साहले गरेका थिए।

सार्वजनिक सुनुवाइ कार्यक्रममा उप प्रमुख सरिता शर्माले उठेका जिज्ञासा तथा सवाललाई सम्वोधन गर्दै नगरपालिकाले प्रदान गर्ने समाजिक सुरक्षा सेवा र सुविधाको गुणस्तर र प्रभावकारिता सुधार गर्न प्रतिवद्धता व्यक्त गरिन्।

उनले यस्तो कार्यक्रमले नगर पालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता मूल्यांकन गर्न महत्वपूर्ण योगदान पुर्याएको बताइन्।

त्यसैगरी सहभागीहरुले उठाएका सवाल र सुझावहरु नगर पालिकाको भावी कार्ययोजनामा समावेश गरेर सेवा र सुविधामा सुधार ल्याउने प्रतिवद्धता सम्वन्धित फाट प्रमुखहरु द्वारा व्यक्त गरिएको छ।




वडा नम्वर ६ का वडा अध्यक्ष पंकज साहले सुनुवाइ कार्यक्रमले जनताको आवाज सुनिने र उनीहरुको समस्याको समाधानक गरिने विश्वास दिलाए।

सुनुवाइ कार्यक्रममा झण्डै २ सय जना स्थानियहरुको सहभागीता रहेको थियो उक्त कार्यक्रममा वडा नम्वर ५ का वडा अध्यक्ष राम दिनेश मण्डल, वडा नम्वर ९ का वडा अध्यक्ष श्रीनारायण यादव, नगर पालिकाका राजश्व शाखा प्रमुख शैलेन्द्र पाण्डे, पंजिकरण शाखा प्रमुख प्रविण शर्मा, एमआइएस अपरेटरहरुको मधेस प्रदेश समितिका अध्यक्ष सुनिल सिंह , धनुषा अध्यक्ष सुशील यादव , लोहारपट्टी शाखाका एनआइसी बैंका उपप्रवन्धक संजय साह , सिटिजन बैंकका अपरेसन इन्चार्ज सरोज तिवारी लगायतका उपस्थिति रहेको थियो ।

## औरहीमा विभिन्न पार्टी परित्याग गरि नेपाल कम्युनिष्ट पार्टी एमाले मा सायौं गरे पार्टी प्रवेश

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं.